नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.............................................शाखा)
प.सं. :
च.नं. :
सिंहदरबार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

मुलुकी ऐनलाई प्रतिस्थापन गर्दै मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ तथा मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ कार्यान्वयमा आएको दिनको सम्झना स्वरुप आज मिति २०८० भाद्र १ गते "मुलुकी संहिता दिवस,२०८०"को आयोजना गरियो। माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' तथा विशेष अतिथिको रुपमा सम्माननीय कायम मुकायम प्रधानन्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ उपस्थित हुनु भएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले संवत् २०७४ सालमा जारी भएका संहिताहरू नेपालको युगान्तकारी राजनीतिक, सामाजिक तथा कानूनी रूपान्तरणका अमूल्य दस्तावेज भएकोले संहिताको प्रभावकारी कार्यान्वयन गर्न र संहिता सम्बन्धी कानूनहरूमा समसामयिक सुधार गर्दै अगाडि बढ्न नेपाल सरकार प्रतिबद्ध रहेको कुरा बताउनु भयो।

त्यसैगरी सम्माननीय कायम मुकायम प्रधानन्यायाधीशज्यूले संहिता कानूनहरुको कार्यान्वयनमा रहेका दुविधालाई सर्वोच्च अदालतले व्याख्या गरी सहज बनाउँदै गइरहेको छ। तथापि, यसको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकार लगायत सम्बद्ध निकायहरु महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, नेपाल बार एशोसिएशनको समन्वयात्मक भूमिका जरुरी रहेको कुरा बताउनु भयो।

त्यसैगरी सम्माननीय पूर्व प्रधानन्यायाधीश तथा फौजदारी कानून सुधार तथा परिमार्जन कार्यदलका संयोजक कल्याण श्रेष्ठज्यूले कानूनी राज्यको आधारस्तम्भको रुपमा कानून रहेकोले कानूनको संशोधन गर्न मात्र नलागेर सबै कानूनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने बताउनु भयो। सो कार्यक्रममा माननीय महान्यायधिवक्ता डा. श्री दिनमणी पोखरेलज्यूले खुला कारागार, प्रोबेशन र प्यारोल जस्ता दण्डका सुधारात्मक व्यवस्थाहरु राम्रा भए तापनि ती प्रावधानहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्नुका कारणहरुको समीक्षा हुनुपर्ने बताउनु भयो। नेपाल बार

फोनः ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.............................................................शाखा)

प.सं. :

सिंहदरबार, काठमाण्डौं

च.नं. :

एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री गोपाल कृष्ण घिमिरेज्यूले मुलुकको कानूनी व्यवस्था बलियो बनाउनका लागि कानूनको प्रभावकारी कार्यान्वयलाई जोड दिनु पर्ने कुरा व्यक्त गर्नु भयो।

कार्यक्रमका अध्यक्ष तथा माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङज्यूले कानून एउटा गतिशील सामाजिक दस्ताबेज भएको हुँदा समाजको आवश्यकता अनुसार यसलाई सुधार र परिमार्जन गर्दै लैजानुपर्ने कुरा औंल्याउनु भयो। यसका लागि प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रममा सहभागी हुनु भएका सबैलाई मुलुकी संहिता दिवसको शुभकामना व्यक्त गर्नु भयो।

उक्त कार्यक्रमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री उदयराज सापकोटाज्यूले उपस्थित सबैलाई स्वागत गर्दै संहिताहरू लागू भएदेखि कार्यान्वयनको वर्तमान अवस्थासम्म आइपुग्दा संहिताहरूमा आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा सुधारका कार्यहरू भइरहेको बताउनु भयो।

फणीन्द्र गौतम

प्रवक्ता एवम् सहसचिव

मिति २०८०।०५।०१

फोनः ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np